■ प्रशान्त अर्याल

# नेपाली छापामा दुनै काण्डपछिको माओवादी विद्रोह

## पृष्ठभूमि

मुलुकको प्रशासनिक केन्द्र सिंहदरबारमा २०५२ माघ २१ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएर शुरु भएको माओवादी विद्रोहले छ वर्ष पुरा गरेको छ। मध्यपश्चिमको पहाडी जिल्लाका गाउँहरूबाट प्रारम्भ भएको यो विद्रोहले पाँच वर्ष पूरा गर्दा नगर्दै राज्यको प्रहरी बललाई परास्त गरिदिएको छ। 'दिन दुना रात चौगुना' प्रगति गर्दै गइरहेको विद्रोहले आफ्नो प्रभाव क्षेत्र विस्तार गर्दै लगभग पूरै अधिराज्यलाई नै समेटिसकेको छ। यो विद्रोहले वास्तविक 'छलाङ' त्यतिखेर मार्‍यो, जतिखेर यसका छापामार गुरिल्लाहरूले २०५७ असोज ८ गते राती डोल्पाको सदरमुकाम दुनैमा हमला गरी रातभर सदरमुकामलाई आफ्नो कब्जामा लिए। माओवादीको 'छापामार युद्ध'को प्रतिकार गर्दागर्दै लगभग थाकिसकेको प्रहरीबलले डोल्पामा लज्जास्पद पराजयको पीडा व्यहोर्नु पर्‍यो। र, यहींबाट शुरु भयो लमजुङको भोर्लेटार (११ असोज २०५७), कालीकोट (१५ मंसिर २०५७), रुकुमकोट (२० चैत २०५७), दोलखा (२० चैत २०५७), दैलेखको नौमुले (२५ चैत २०५७), आदि स्थानमा प्रहरीका विरुद्ध एकपछि अर्को भीषण आक्रमणहरू।

डोल्पा घटनाले माओवादी विद्रोहलाई एउटा नयाँ आयाम दियो। यस घटनापछि पनि माओवादी आन्दोलनले विभिन्न मोडहरू पार गरेको छ। यसबीच घटनाक्रमहरू यति छिटोछिटो परिवर्तन भैरहेका छन् कि, 'के, कहाँ, किन, कहिले, कसरी' जस्ता सवालहरूको जवाफ खोज्दाखोज्दै, केलाउँदाकेलाउँदै नयाँ परिदृश्य देखा परिसकेका हुन्छन्। दुनै काण्डपछिको यो एक वर्षमा गृहमन्त्रीले सेनाको भूमिकामाथि प्रश्नचिन्ह लगाउँदै राजीनामा दिए; बन्दीहरू रिहाइ र साटासाट गरिए; सेना परिचालनको नाटक भयो–प्रधानमन्त्रीले राजीनामा दिनुपर्‍यो; माओवादीलाई हेर्ने सरकारी दृष्टिकोणमा परिवर्तन आयो; सरकार-माओवादीबीच वार्ताको शुरुआत भयो। यही अवधिमा माओवादीका कारण करिब १४ दिन देशका विद्यालयहरू बन्द भए भने माओवादी कार्यकर्ताहरू पनि आफ्ना भातृ संगठनका नाममा सार्वजनिक भए। यही समयावधिमा दरबार हत्याकाण्ड घट्यो।

प्रजातन्त्रोत्तरकालमा फस्टाएको मिडियाले अन्य समसामयिक सामग्रीहरूका अतिरिक्त माओवादी आन्दोलनसंग सम्बन्धित विभिन्न गतिविधिलाई महत्वसाथ प्रस्तुत गर्दै आइरहेको छ। दैनिक पत्रपत्रिका हेर्ने, पढ्नेहरू त छँदैछन्; केही अप्रत्याशित, आकस्मिक घटनाहरूका बारेमा सुन्नासाथ सखारै पत्रिका किनेर उक्त घटनाबारे अरु बढी जान्ने, बुझ्ने प्रयास गर्नेहरूको संख्या बढ्दो छ। यो एक हिसाबले पत्रिकाले आर्जेको विश्वास पनि हो। माओवादी आन्दोलनका बारेमा छापिएका सामग्रीहरू पाठकले अभिरुचिका साथ खोज्ने गरेको देखिएको छ भने छापाले पनि महत्वसाथ प्रस्तुत गर्ने गरेका छन्। माओवादीको विद्रोह वा त्यससंग सम्बन्धित सामग्री प्रकाशन गर्ने सन्दर्भमा नेपाली प्रेसले कति सही र पूर्ण; कत्तिको गाम्भीर्ययुक्त; कत्तिको विश्लेषणयुक्त सामग्रीहरू पस्किरहेछन्, चासोको विषय हो। यही चासोअनुरूप माओवादी विद्रोहसम्बन्धी छापिएका सामग्रीका आधारमा नेपाली छापाको गुणवत्तालाई आंकलन गर्ने प्रयास गरिएको छ। विगत एक वर्ष (२०५७ असोज संक्रान्तिदेखि २०५८ भदौ मसान्तसम्म)मा नेपाली छापाले माओवादी विद्रोह र यससँग जोडिएका समाचारलाई कसरी प्रस्तुत गर्दै आएको छ, केलाउने प्रयास यो लेखमा गरिने छ। यो एक वर्षको अवधि माओवादी विद्रोहले नयाँ मोड लिएको कारण त महत्वपूर्ण छँदैछ, अरु दृष्टिमा पनि यो अवधिलाई कम आँकन मिल्दैन।

खासगरी विगत दश वर्षमा ठूला दैनिक अखबारले नेपाली छापालाई एउटा नयाँ आयाम दिएका छन्। सूचनाका भोका नेपाली पाठकका लागि दैनिक अखबारहरू त्यो भोक मेटाउने माध्यम बन्न पुगेका छन्। दैनिक अखबारप्रति पाठकको बढ्दो रुचि संगसंगै नेपाली अखबारहरू पनि अब जनमत सृजना गर्न सक्षम हुन थालेका छन्। तसर्थ, यस अध्ययनका लागि सिंगो नेपाली मिडियामध्ये नेपाली भाषामा प्रकाशित भइरहेका ठूला आकारका दैनिक अखबारहरूलाई मात्र आधार बनाइएको छ। अध्ययनका लागि रोजिएको अवधिभर यी 'ब्रोडशिट'मा माओवादीका विभिन्न गतिविधिका बारेमा छापिएका सामग्रीमध्ये उल्लेख्य घटनाका आधारमा छापा माध्यमको सबल र दुर्बल पक्षलाई बुँदागतरूपमा केलाउने प्रयत्न गरिएको छ, यस लेखमा। लेखको अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ।

### छापाको सबल पक्ष

- छ वर्षअघि पश्चिमी पहाडी जिल्लाबाट माओवादी गतिविधिको समाचार राजधानीका अखबारसम्म आइपुग्न २ देखि १५ दिनसम्म लाग्थ्यो। आकाशवाणी र हुलाकका भरमा प्राप्त हुने ती समाचार पाठकलाई पस्किउन्जेलसम्म अर्को घटनाक्रम विकसित भइसकेको हुन्थ्यो। अहिले पाठकसम्म तात्तातो सूचना पुऱ्याउने प्रतिस्पर्धामा दैनिक अखबारहरू एकभन्दा अर्को क्रान्तिकारी देखिन थालेका छन्। डोल्पाको दुनैमा माओवादी हमला भएको समाचार संकलन गर्न *कान्तिपुर*ले हेलिकप्टर भाडामा लिएर कुद्यो भने दैलेख नौमुलेको समाचार ल्याउन *स्पेसटाइम*। माओवादी विद्रोह शुरु भएयता समाचार संकलनका सिलसिलामा अखबारहरूबीच भएको यो होडबाजी नेपाली पत्रकारिताका लागि शुभ संकेत हो।



- प्रहरी र माओवादी विद्रोहीबीचको भिडन्तले आक्रान्त बनिरहेको देश माओवादी समस्याको शान्तिपूर्ण समाधान चाहिरहेको छ। संसद यही भन्छ, राजनितिक दल र तिनका नेताहरूको धारणा पनि यही छ। धेरैको चाहना दुवै पक्षबीच वार्ता हुनुपर्ने भए पनि पाँच वर्षसम्म यसले मूर्त रूप लिन सकेन। तर असोज २०५७ को दुनै काण्ड एक हिसाबले सरकार-माओवादी वार्ताको कारक बन्यो। दुनै काण्डपश्चात लगातार एकपछि अर्को पराजय व्यहोर्न बाध्य सरकार र विजय उन्मादी माओवादी, दुवै पक्षलाई वार्तामा ल्याउन प्रेसले गतिलो अवसर भेट्टायो। दुवै पक्षलाई वार्तामा ल्याउन प्रेसले गरेको पहल सार्थक पनि भयो। फलतः तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रामचन्द्र पौडेल र माओवादीका केन्द्रीय सदस्य रवीन्द्र श्रेष्ठबीच ११ कात्तिक २०५७ मा एक चरणको अनौपचारिक वार्ता भयो। वार्तामा बसाउन धेरैले पहल गरेको भए पनि प्रेसले वार्ताका पक्षमा व्यक्त गरेको अभिमत उल्लेख्य थियो।
- तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामापश्चात शेरबहादुर देउवाले सिंहदरबारको शासनसत्ता सम्हालेपछि वार्ता-प्रसंगले पुनः गति लियो। नेपाली प्रेसले यसअघि जस्तै वार्ताको वातावरण तयार पार्नमा प्रमुख भूमिका निर्वाह गऱ्यो। तुलनात्मक रूपमा अनुदारवादी छविका कोइरालाको राजीनामा आउनासाथ अखबारहरूले नियमित रूपमा वार्ता प्रसंगको समाचार बनाउन थाले। अखबारका पानाहरू वार्ता प्रसंगले मात्र भरिएका पाइन्थे। वार्तासम्बन्धी नयाँ र फलोअप समाचारले निरन्तर प्राथमिकता पाउँदै जाँदा पूरै जनमत वार्ताको पक्षमा देखियो र वार्ताको वातावरण बन्न सक्यो। त्यतिबेला माओवादी र सरकारबीच रहेको अप्ठ्यारो फुकाउन अखबारहरूले सकारात्मक भूमिका निर्वाह गरेका हुन्, यसमा दुईमत छैन। अखबारले वार्ता प्रसंगलाई दिएको महत्व तिनका प्रथम पृष्ठका शीर्षकहरू हेरेमात्रै पनि पर्याप्त हुन्छ। जस्तैः 'माओवादीलाई अब बन्ने सरकारसँग वार्ता गर्न आग्रह' (राजधानी ६ साउन २०५८), 'युद्धविराम गरी सरकार माओवादीलाई वार्तामा आउन आग्रह' (कान्तिपुर ६ साउन २०५८), 'माओवादीसँग वार्ताको पहल मेरो पहिलो प्राथमिकता-देउवा' (गोरखापत्र ८ साउन २०५८), 'पहिलो प्राथमिकता माओवादी समस्या समाधान र सहमतिको पहल बन्नुपर्छ' (नेपाल समाचारपत्र ८ साउन २०५८), 'वार्ता प्रयासको मानवाधिकारवादीद्वारा स्वागत' (राजधानी ९ साउन २०५८), 'प्रमद्वारा माओवादी आक्रमण रोक्न आग्रह, प्रचण्डद्वारा आक्रमण रोक्न छापामारलाई अनुरोध' (गोरखापत्र ९ साउन २०५८), आदि।
- वार्ता प्रसंग चलिहेको बेला माओवादी पार्टीका तर्फबाट उसका भातृ संगठनहरूले बलजफ्ती चन्दा असुल गर्ने, सशस्त्र आमसभा गर्ने, जस्ता गतिविधिहरू हुन थालेपछि वार्ता फेरि बिथोलिने आशंका उत्पन्न भयो। खासगरी माओवादीको भातृसंगठन अखिल क्रान्तिकारीद्वारा १ असोज २०५८ मा गर्ने भनिएको राष्ट्रिय महाधिवेशन र माओवादीसम्बद्ध संगठनहरूको ५ असोजमा हुने भनिएको भेलाले एकपटक फेरि राजधानीको जनजीवन

आतंकित बनायो । प्रस्तावित दुवै भेलामा मुलुकभरबाट मानिस जम्मा गर्ने र ती भेलाका सहभागीहरूको खाने बस्ने प्रबन्धका लागि राजधानीका स्कूल एवं उद्योग व्यवसायीको जिम्मा लगाउने माओवादीको कार्यक्रम अखबारहरूले सार्वजनिक गरिदिए । अप्रत्यक्ष रूपमा *कान्तिपुर*को माओवादीप्रतिको आक्रामक व्यवहार माओवादीको उक्त गतिविधिविरुद्ध जनमत बनाउन सहायक सिद्ध भयो । सबैभन्दा बढी बिक्री हुने उक्त दैनिकले अरु व्यापारी एवं उद्योगपतिसँग माओवादीले जबर्जस्ती चन्दा माग्दा त्यस्तो समाचारलाई अखबारमा खासै स्थान दिने गरेको थिएन । जब माओवादीहरूले *कान्तिपुर*कै प्रकाशकहरूसँग चार लाख रूपैयाँ चन्दा मागे, तब उसले त्यस्तो क्रियाकलापप्रति बिरोध जनाउँदै त्यसलाई १८ भदौ २०५८को अंकमा प्रमुख समाचार बनायो, जसको शीर्षक थियो, 'माओवादीद्वारा चन्दा असुली जारी, *कान्तिपुर*सँग चार लाख रूपैयाँ माग' । यो घटनापछि *कान्तिपुर* माओवादीका विरुद्ध आक्रामक देखिन थाल्यो र बिस्तारै जनमत बनाउन मद्दत पुऱ्यायो ।

१८ भदौ २०५८पछिका केही समाचार शीर्षकले *कान्तिपुर*को नीतिमा परिवर्तन आएको देखाउँछ । जस्तो: 'युद्धविराम अवधिमा माओवादीका बढ्दो क्रियाकलापप्रति काँग्रेस गम्भीर; हतियार, सभा र चन्दाले वार्ता बिथोलिन सक्छ' (२० भदौ २०५८), 'माओवादीको नियत शंकास्पद: प्रधानमन्त्री, गृह मन्त्रालयद्वारा सुरक्षामा पूर्ण सतर्कता' । सँगै, यस विषयलाई अन्य अखबारले पनि मुख्य मुद्दा बनाए । जस्तो: 'दोस्रो चरणको वार्ता आगामी हप्ता, माओवादी सभा र कारवाहीका घटनाले वार्ताप्रतिको ईमान्दारितामा आशंका' (नेपाल समाचारपत्र २२ भदौ २०५८), 'माओवादी क्रियाकलाप ज्यादतीपूर्ण र आपत्तिजनक' (राजधानी २३ भदौ २०५८) । माओवादी गतिविधिप्रति प्रेसको तीव्र विरोध र व्यापक जन दबाबका कारण सरकारले दुई साता बित्दा नबित्दै राजधानीमा एक महिनाका लागि जुलुस, सभा निषेध गर्ने आदेश जारी गऱ्यो । फलस्वरूप माओवादी पक्षले काठमाडौंमा हुने भनिएको आफ्नो भेला स्थगित गरे ।

त्यसैगरी, जबर्जस्ती र ज्यादतीपूर्णरूपमा चन्दा असुली हुन थालेको बताउँदै अखबारहरूमा रिपोर्टिङ्ग गरिएपछि अन्ततः माओवादी नेतृत्वले त्यस विषयलाई लिएर क्षमायाचना गऱ्यो । माओवादीका अध्यक्ष प्रचण्डले माओवादी नजिक मानिने सानो आकारको *जनदिशा* दैनिकलाई दिएको अन्तर्वार्तामा जबर्जस्ती चन्दा असुलीलाई पार्टीको गम्भीर कमजोरी भनेका थिए । ८ असोज २०५८को *जनदिशा*लाई उद्धृत गर्दै ८ असोजको *कान्तिपुर*मा लेखिएअनुसार, प्रचण्डले भनेका छन्: 'यस सन्दर्भमा म उपत्यकाका महान जनसमुदायसँगको व्यवहारमा यसबीचमा हाम्रो तर्फबाट प्रस्तुतिमा गम्भीर कमजोरीहरू हुन गएको तथ्यलाई आत्मसात गर्दै त्यसका निम्ति क्षमायाचना गर्दछु' (कान्तिपुर ८ असोज २०५८) ।

- भूमिगत नेकपा माओवादीको भातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)ले १५ सूत्रीय माग राखेर आन्दोलन थालेपछि मुलुकभरिका विद्यालयमा एकैपटक उथलपुथल मच्चियो । अखिल क्रान्तिकारीले



निःशुल्क शिक्षाको उद्देश्य भएका सरकारी विद्यालयले विभिन्न शीर्षकमा असुल गरेको शुल्क एकमुष्ट फिर्ता गर्नुपर्ने र निजी विद्यालयहरूले शुल्क घटाउनुपर्ने लगायतका माग राखेका थिए । यही कारण २०५७ साउनमा मात्र ११ दिन विद्यालयहरू बन्द रहे । पहिलो ४ दिन क्रान्तिकारीहरूको मागको प्रतिकारस्वरूप विद्यालयका शिक्षकहरूद्वारा उपत्यकाका १ हजार सरकारी विद्यालय बन्द गरियो भने माग पूरा नभएपछि क्रान्तिकारीहरूको आह्वानमा देशभरका ४० हजार विद्यालयहरू ७ दिन बन्द गरिए । त्यस्तै, २०५८ वैशाखमा पनि अखिल त्रान्तिकारीकै आह्वानमा एक सातासम्म देशका निजी विद्यालयहरू बन्द रहे ।

अखबारले दुवै पक्षबाट गरिएको विद्यालय बन्दको खुलेर विरोध गरे । त्यस समयका अखबार केलाउँदा प्रथम पृष्ठ र सम्पादकीय पृष्ठका पानाहरू विद्यालय बन्द हुँदा विद्यार्थी र अभिभावकहरूमाथि परेको मर्का र विद्यार्थीहरूको भविष्यलाई लिएर लेखिएका सामग्रीहरूले भरिएको पाइन्छ । *कान्तिपुर*ले त विद्यालय बन्द गर्ने कार्यको विरोध गर्दै विशेष सम्पादकीय नै लेख्यो । सधैं राजनीतिक विषयले मात्रै अखबारका प्रथम पृष्ठमा प्राथमिकता पाउने प्रथालाई तोड्दै २४ मंसिर २०५७मा *कान्तिपुर*ले प्रथम पृष्ठमा छापेको विशेष सम्पादकीयको शीर्षक थियो: 'बालबालिकाको भविष्यमाथि खेलबाड नहोस्' । सोही दिन 'ब्यानर हेडलाईन' दिँदै विद्यालय बन्दको विरुद्धमा समाचार पनि छाप्यो *कान्तिपुर*ले: 'माओवादीको धम्कीबाट शिक्षा क्षेत्रमा असुरक्षा र भय व्याप्त; एक साताका लागि विद्यालयहरू बन्द' ।

गैरराजनीतिक विषय र त्यसमा पनि विद्यालयसँग सम्बन्धित विषयले अखबारमा यस्तो प्रमुखता पाएको संभवतः यो पहिलो हो । *कान्तिपुर*को समाचारमा लेखिएको छ: "विभिन्न सरकारी तथा निजी स्कूलले सरकार तथा जिल्ला प्रशासनसँग सुरक्षाको माग गर्दा त्यो उसको व्यवहारिक सामर्थ्यबाहिर भएको जवाफ पाएपछि माओवादीको धम्कीको अवज्ञामा जान उत्सुक केही विद्यालयले पनि संस्थालाई बन्द गर्नुभन्दा अर्को विकल्प नदेखेको गुनासो गरेका छन् । लगभग पाँच वर्ष पुरानो जनयुद्धपछि माओवादीले आफ्नो गतिविधिको निसाना यसपल्ट तीन वर्षदेखि १७ वर्षसम्मका बालबालिकालाई बनाएका छन्, जसलाई शैक्षिक संस्था तथा कैयौं अभिभावकले माओवादी आन्दोलनको आतंक र आपराधिक प्रवृत्तिले उसको राजनीतिक सिद्धान्तमाथि प्रभुत्व जमाउन सफल भएको आरोप लगाएका छन् ।" यस्तै विचार र समाचारहरू अन्य छापामा पनि आए । निरन्तर आइरहेका त्यस्ता समाचार/विचारले जनमतलाई विद्यार्थीहरूको पक्षमा सिर्जना गर्न मद्दत पुऱ्याए, जसको कारण आम जनमत विद्यालय बन्दका विरुद्ध बन्न पुग्यो । त्यही कारण हो पछि गएर माओवादीको भातृ संगठन अखिल क्रान्तिकारी र स्वयं माओवादीले विद्यालय बन्दको निर्णयप्रति आत्मालोचना गर्नुपरेको । यसलाई अखबारहरूले निर्वाह गरेको सकारात्मक भूमिकाको परिणामका रूपमा लिनुपर्छ ।

## छापाको दुर्बल पक्ष

- स-साना प्रहरी चौकीमा आक्रमण गर्दै आइरहेको माओवादीले ८ असोज २०५७ को राती कर्णाली अञ्चल, डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आक्रमण गऱ्यो जसमा १५ प्रहरीले शहादत प्राप्त गरे भने ११ प्रहरी अपहरित गरिए। *कान्तिपुर* लगायतका सबै दैनिक अखबारले माओवादीद्वारा दुनैमा भएको आक्रमणका क्रममा नजिकै रहेको सैनिक ब्यारेकबाट कुनै सहयोग प्राप्त नभएको र सेना केवल मूकदर्शक भएर बसेको समाचार छापे। *कान्तिपुर*ले 'शाहीसेनाको प्रतिक्षा गरेरै उनीहरूले त्रासदीपूर्ण रात बिताए' शीर्षकको समाचार प्रकाशित गरेर सेनाले असहयोग गरेको दृष्टान्त प्रस्तुत गऱ्यो (कान्तिपुर ११ असोज २०५७)। तर, सेनाले किन सहयोग गरेन ? वा सदरमुकाम सुरक्षा गर्ने काममा सेना किन अघि बढेन ? भन्नेतर्फ चाहिँ कुनै अखबारले वास्ता गरेको पाइएन। सबैले सेनाले सहयोग गरेन भन्नेमै आफूलाई सीमित राखे। सेनालाई सहयोग गर्नबाट कसले रोक्यो ? र सेना किन जान चाहेन ? भन्नेजस्ता सवालको गुह्य खोतल्नतर्फ मेहनत गरेनन्। परिणामतः यी सवाल अझैसम्म जनखुल्दुलीमै सीमित रहेका छन्।
- राजनीतिज्ञहरूले बोलेपछि मात्र सार्वजनिक चर्चाको विषयवस्तु बनाइने परम्परालाई दुनै काण्डपछि पनि अखबारले तोड्न सकेनन्। सो काण्डमा सेनाले असहयोग गरेको आरोप लगाउँदै तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले राजीनामा दिएपछि मात्रै सरकार र सेना बीचको विवाद सार्वजनिक भयो। यसअघि नेपाली प्रेसले त्यो विवादलाई खुला रूपमा सार्वजनिक गर्ने आँट गर्न सकेको थिएन। दुनै आक्रमणमा संलग्न माओवादीहरूलाई सेनाले घेर्ने सहमति बनेको तर पछि सेनाका तर्फबाट त्यो सहमति कार्यान्वयन नभएको जानकारी जोशी स्वयंले बताएपछि मात्रै बाहिर आउन सक्यो। तर, जोशीका वचनहरूकै कारण, भनिन्छ, सरकार र दरबारबीचको सम्बन्धमा तनाव उत्पन्न भयो र परिमाणतः जोशीले मन्त्रीपद गुमाउनु पऱ्यो। नेपाली प्रेसले त्यो तनावका सम्बन्धमा जनतालाई राम्ररी सुसूचित गर्न सकेन, आवश्यक ठानेन। उसले केवल जोशीका विचारहरू मात्रै सार्वजनिक गरेर आफ्नो दायित्व निर्वाह गरेको ठान्यो। अखबारका पानामा अभिलेखका रूपमा रहेका समाचारले दुनै आक्रमणको पूर्व सूचना प्रशासन र सुरक्षा निकायलाई भएको उल्लेख गरेका छन्। तर त्यस्तो सूचना हुँदाहुँदै पनि आक्रमण हुनुको कारणबारे अखबारले केही पनि लेखेका छैनन्। खोजीको यो पाटो अपूरो छ र पाठकले त्यसको जवाफ अझैसम्म पाएका छैनन्।
- *कान्तिपुर*ले २७ असोज २०५७ मा 'माओवादी प्रभावित १३ जिल्लामा प्रमुख जिल्ला अधिकारीको तजबीजमा सेना परिचालन' भन्ने समाचार छाप्यो। रक्षा सूत्रलाई उद्धृत गर्दै लेखिएको सो समाचारको आधिकारिकता भने कतैबाट पुष्टि भएन। सेना परिचालनको विषयलाई लिएर सरकार, प्रतिपक्ष र अन्य शक्ति केन्द्रहरूबीच तीव्र विवाद चलिरहेको बेला प्रकाशित यो समाचारमा उल्लेख भएअनुसार ती जिल्लाहरूमा सेना परिचालन भएको थिएन, प्रहरीसँग सेनाले संयुक्त गस्ती मात्र शुरु गरेको थियो।



- सरकारी स्वामित्वमा सञ्चालित *गोरखापत्र*ले २८ असोज २०५७को अंकमा 'एमालेले माओवादीलाई वार्तामा ल्याउन पहल गर्ने' शीर्षकको समाचार प्रकाशित गऱ्यो। एमाले महासचिव माधव नेपालले दशैंको अवसरमा आयोजित जलपान समारोहमा दिएका अभिव्यक्तिलाई उद्धृत गर्दै अरु अखबारहरूले पनि महत्त्वका साथ प्रकाशित गरे। तर विस्तृत खोजी र फलोअप नगर्ने नेपाली पत्रकारिताको परम्परागत शैलीबाट यो विषय पनि उम्किन सकेन। किनभने एमालेले कसरी पहल गऱ्यो अथवा गरेन, गरेका भए के कारणले असफल भयो भन्ने कुरा अझैसम्म पनि रहस्यकै गर्भमा छ।
- तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले गठन गर्नुभएको माओवादी समस्या समाधान सुझाव समितिका संयोजक शेरबहादुर देउवाले माओवादीका केन्द्रीय तहका नेतासँग अमूक स्थानमा भेट गरेको कुरा उहाँ आफैंले नै सार्वजनिक गर्नुपऱ्यो। २८ असोज २०५७ मा उहाँको वक्तव्य आउनुअघि कुनै अखबारले पनि भेटवार्ताको जानकारी दिन त सकेनन् सकेनन्, देउवाको वक्तव्यपछि पनि वार्तामा भएको छलफलका विषयवस्तुका बारेमा केही तथ्य सार्वजनिक हुन सकेन।
- दुनै काण्डपछि उच्च मनोबल बोकेका माओवादी विद्रोहीहरूले सरकारलाई वार्ताको आश देखाए। प्रहरीको प्रतिकार क्षमता कमजोर रहेको बेला चलेको वार्ता प्रसङ्ग एक चरणको अनौपचारिक वार्ताको लगत्तै समाप्त भयो। यसरी एकाएक वार्ता भाँडिएको विषयमा अखबारहरूले कलम चलाउनु सान्दर्भिक संझेनन्। यद्यपि वार्ताको वातावरण तयार गर्ने कार्यमा अखबारले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। जस्तो कि *नेपाल समाचारपत्र* र *कान्तिपुर*मा दुनै काण्डको लगत्तै छापिएका तर्कपूर्ण विशेष सम्पादकीयले वार्ताको पक्षमा जनमत सृजना गर्न ठूलो सहयोग पुऱ्याएका थिए। यति हुँदाहुँदै पनि वार्ता बिथोलिनुको औचित्यका बारेमा भने जनताले जान्नबुझ्न पाएनन्।
- ११ कार्तिक २०५७ मा तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रामचन्द्र पौडेल र माओवादीका केन्द्रीय सदस्यबीच भएको प्रत्यक्ष तर अनौपचारिक वार्तापछि पुनः वार्ता प्रसंग अघि बढ्न सकेन। उहाँहरू दुईजनाबीच वार्ताभएको खबरले सबै समाचारपत्रमा प्रमुखता पायो। तर दुर्भाग्य, वार्तामा के भयो ? कुनकुन विषयमा छलफल भयो ? भन्ने सम्बन्धमा चाहिँ कुनै अखबारले भेउ पाएनन्। यसले औपचारिक समाचारमाथि अखबारको निर्भरतालाई प्रष्ट्याएको छ। यहाँसम्म कि सरकार र माओवादी दुवै पक्षले गोप्य राखेको भनिएको वार्तास्थलका बारेमा सम्म अखबारले पत्ता लगाउन सकेनन्।
- उक्त वार्ता प्रक्रिया भाँडिनमा दिनेश शर्मा रिहाइ प्रकरण जिम्मेवार रहेको प्रचार हुँदै आएको छ; अखबारहरूले पनि यसैलाई प्रमुख कारण बताउने गरेका छन्। सरकारले १८ कार्तिक २०५७ मा माओवादीका केन्द्रीय सदस्य दिनेश शर्मा र अर्का नेता दिनानाथ गौतमलाई अचानक सार्वजनिक गर्दै

रिहाइ गरिदिएको थियो। वार्ताको वातावरण तयार पार्न उनीहरूको रिहाइको माग गर्दै आएको माओवादी पक्षले त्यसका लागि १८ कात्तिकको दिउँसो ३ बजेसम्मको म्याद सरकारलाई दिएको थियो। तर सरकारले शर्मा र गौतमलाई दिउँसो २:५५ बजे वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पत्रकारमाझ प्रस्तुत गऱ्यो। सो अवसरमा शर्मा र गौतमले हत्या र हिंसाको राजनीति त्यागेको हस्तलिखित वक्तव्य जारी गर्दै पत्रकारसमक्ष आफू दुईले माओवादी पार्टी त्यागेको बताए। उक्त कार्यक्रम सकिएपछि प्रहरीले उनीहरूलाई मुक्त गरिदियो र उनीहरू तत्कालै भूमिगत भए। भूमिगत भएको लगत्तै सोही साँझ एक वक्तव्य जारी गर्दै उनीहरूले आफ्नो अघिल्लो (प्रेससम्मेलनमा वितरित) वक्तव्यको खण्डन गरे र त्यसलाई सरकारद्वारा बलजफ्ती गराइएको नाटकको संज्ञा दिए। प्रश्न उठ्छ- रिहाइ प्रकरणको वास्तविकता के थियो त? त्यो सरकारद्वारा प्रायोजित थियो वा उनीहरूले स्वेच्छाले वक्तव्य जारी गरेका थिए? अथवा त्यो उनीहरूको रणनीति थियो? यी प्रश्नहरू अझैसम्म पनि अनुत्तरित छन्। नेपाली प्रेसले उक्त रहस्यमय प्रेस सम्मेलनले उब्जाएका सवालहरूको उत्तर खोजेर स्पष्ट पार्ने प्रयत्न गरेको पाइँदैन, अथवा प्रयत्नमा असफल भयो।

- शर्मा र गौतमको रिहाइको भोलिपल्टै माओवादी नेता प्रचण्डले 'अब कोइराला सरकारसँग वार्ता नहुने' भन्दै जारी गरेको वक्तव्य २० असोज २०५७ का अखबारमा प्रकाशित भयो। वक्तव्यमा उनले सरकारमा राजनीतिक इमान्दारी नरहेको उल्लेख गर्दै रिहाइ प्रकरणलाई षडयन्त्रको संज्ञा दिए। नेपाली पत्रकारिताले यो प्रकरणमा खोजी गर्नु आवश्यक नठानेको अर्को पाटो हो- रिहाइको माग पूरा भइसकेर पनि माओवादी वार्तामा नआउनुको कारण। एकातिर रिहाइ प्रकरणमा सरकारले षडयन्त्र रचेको बताउने प्रचण्डले अर्कोतिर शर्मा र गौतम दुवैलाई पार्टीबाट निष्कासन गरे। यो कारवाहीपछि सवाल स्वाभाविकरूपमा उजागर हुन्छ; यदि त्यो सरकारी षडयन्त्र थियो भने उनीहरूमाथि किन कारवाही गरियो? यस विषयमा जनता अहिलेसम्म पनि भ्रम र अन्यौलमै छन्। प्रेसले त्यो अन्यौल मेट्ने प्रयास गरेको छैन।
- 'माओवादीद्वारा प्रहरीलाई संरक्षित कार्ड' - *हिमालय टाइम्स*ले २१ मंसिर २०५७ मा छापेको समाचारको शीर्षक हो यो। समाचारमा भनिएको छ– "भूमिगत नेकपा माओवादीले हत्याबाट बच्न चाहने प्रहरीले माओवादीलाई लेवी बुझाएमा माओवादी संरक्षित कार्ड दिन थालेको छ। सूत्रका अनुसार माओवादीले प्रदान गर्ने यस्तो संरक्षित कार्डमा कोड नंबर उल्लेख गरिएको छ। जुन कोड नंबर युद्धमा खटिने माओवादीका छापामारहरूले मात्र बुझ्दछन्। माओवादी पार्टीले संरक्षित कार्ड बोक्ने प्रहरीको सम्पूर्ण विवरण राखेको बताइन्छ। भिडन्तका क्रममा यस्तो संरक्षित कार्ड देखाउने प्रहरीलाई माओवादी छापामारले हत्या गर्दैनन् र अपहरण गर्नै पर्ने स्थिति भएमा पनि सुरक्षित ढंगले अपहरण गरेर छिट्टै फिर्ता पठाउँछन्।" सो समाचार तयार गर्ने क्रममा प्रहरी महानिरीक्षकसँग पनि सोधपुछ गरिएको देखिन्छ। महानिरीक्षकले यस्तो कुरा आफ्नो जानकारीमा नआएको बताउँदै यदि यो सही हो भने छानबिन गरेर कडाभन्दा कडा कारबाही गरिने बताएको छापिएको छ। तर *हिमालय टाइम्स*ले न फेरि त्यो समाचारलाई विस्तृत रूपमा दियो, न त्यसको फलोअप नै गऱ्यो। त्यति मात्रै होइन समाचारको सत्यता पुष्टि गर्न महानिरीक्षकले भने अनुसार प्रहरीमाथि कारबाही भए नभएको समेत जानकारी दिएन। सुरक्षा निकायसँग सम्बद्ध संवेदनशील समाचारको सम्प्रेषणमा अपनाइएको यो लापरवाहीले अखबारको विश्वसनियता घटाउनमा मात्रै सघाउ पुऱ्याउँछ।



- २१ माघ २०५७ मा माओवादी विद्रोहीहरूले न्यायपालिकाका सर्वोच्च व्यक्ति प्रधानन्यायाधीशमाथि आक्रमण गरे जसले प्राय: सबैलाई अचम्भित तुल्यायो। नेपालगञ्जबाट सुर्खेततर्फ जाँदै गर्दा छैसठ्ठी भन्ने स्थानमा माओवादीको विद्युतीय धराप र गोली आक्रमणमा परी पुनरावेदन अदालत सुर्खेतका रजिष्ट्रारसहित चार सुरक्षाकर्मीको मृत्यु भयो भने प्रधानन्यायाधीश मुश्किलले आफ्नो ज्यान जोगाउन सफल हुनुभयो। २२ र २३ माघका अखबारहरू यही समाचारले भरिएका थिए। प्रेसमा घटनास्थल र घटनाका बारेमा विवरणात्मक जानकारी दिने खालका सामग्रीहरू प्रकाशित भए। तर समग्र प्रेस उक्त घटनाको कारणमा जान चाहेन। माओवादीले न्यायपालिकामाथि आक्रमण गरेको कारणबारे खोजी नगर्नु भनेको जनतालाई सूचना दिने कर्तव्यप्रति नेपाली प्रेस चनाखो नरहेको अर्थ लगाउँदा अनर्थ हुँदैन। २३ माघ २०५७ को *कान्तिपुर*ले प्रथम पृष्ठमा माओवादी सूत्रलाई उद्धृत गर्दै 'प्रधानन्यायाधीश आक्रमणको लक्ष्य नभएको' बक्स समाचार छापेको छ। समाचारमा माओवादीले प्रधानन्यायाधीश कारवाहीमा पर्नुका कारण छानबिन गरी सार्वजनिक गर्ने उल्लेख थियो। तर माओवादीले गर्ने भनिएको त्यो छानबिन र घटनाका कारणबारे अरुले त लेखेनन् लेखेनन्, सानो समाचार दिइसकेको *कान्तिपुर*ले समेत फलोअप गर्न जरुरी ठानेन।
- सरकार-माओवादी वार्ता प्रसंग पुन: चलिरहेको बेला, चैत २०५७ मा, माओवादीतर्फबाट प्रहरीमाथि भीषण आक्रमणहरू भए। गोर्खा कारागारबाट १८ चैतमा सुरुङ खनेर छ महिला कैदी फरार भएको समाचार आयो। *कान्तिपुर*ले पहिलो पृष्ठमा 'छ माओवादी महिला गोर्खा कारागारबाट सुरुङ खनी फरार' शीर्षकमा गोर्खाबाट प्रेषित समाचार छाप्यो। सुरक्षाकर्मीको घेरा तोडेर रातको समयमा माओवादीहरू भाग्न सफल भएको घटनालाई पछि कसैले पनि फलोअप गरेनन्। न त घटनाको विस्तृत विवरण दिनेतर्फ कसैको ध्यान गयो न त सुरक्षाकर्मीको कमजोरी औंल्याउने आँट नै कसैले गऱ्यो।
- २० चैत २०५७ मा माओवादीद्वारा रुकुमकोट र दोलखामा भएको भीषण आक्रमणबारे नेपाली प्रेसमा विस्तृत विवरण छापियो। यसपटक *स्पेसटाइम* हेलिकप्टर लिएर रुकुमकोट पुगेको थियो। तर उसले स्थलगत भ्रमणपछि भोलिपल्टको अखबारमा छापेको समाचारको तथ्यांकमा त्रुटि देखियो। *स्पेसटाइम*ले उक्त घटनामा २४ प्रहरी माओवादीले अपहरण गरेको समाचार दिएको छ भने अरु अखबारहरूले त्यो संख्या २३ लेखेका छन्। *स्पेसटाइम*ले

यसबारेमा पछिल्ला अंकहरूमा पनि कुनै उल्लेख गरेन। त्यही समाचारलाई लिएर २१ चैतको *हिमालय टाइम्स*मा 'रुकुमका अपहरित प्रहरी र माओवादी छापामारको खोजीमा सेनाको प्रयोग' भएको उल्लेख गर्दै ५० जना सेना र प्रहरीले संयुक्त रूपमा अप्रेशन प्रारम्भ गरिसकेको लेखेको छ। प्रहरी सूत्रलाई उद्धृत गरिएको भए पनि त्यसलाई आधिकारिक रूपमा प्रहरीले पुष्टि गरेको पाइँदैन। तर, आफ्ना पछिल्ला अंकहरूमा उक्त दैनिकले त्यो समाचारको आधिकारिकता पुष्टि गर्नेतर्फ ध्यान पुऱ्याएन; सेनाले संयुक्त अप्रेशन गरे नगरेको खोजी गर्ने आवश्यकता उसले महसुस गरेन। रुकुमकोटमा भएको माओवादी आक्रमणको सन्दर्भलाई लिएर २२ चैत २०५७ को *कान्तिपुर*मा छापिएको समाचारमा प्रहरी पराजित हुनुको कारण विश्लेषण गरिएको छ। स्थलगत भ्रमणमा आधारित भएर गरिएको उक्त विश्लेषणले, 'माओवादीको प्रतिकार गर्ने प्रहरी मनोबल हतियारमा निर्भर' रहेको ठहर गरेको छ। साथै आक्रमणको पूर्व सूचना हुँदाहुँदै पनि प्रहरी बल बेलैमा सक्रिय हुन नसकेर यो पराजय व्यहोर्नु परेको विश्लेषण गरिएको छ। परम्परागत र कमजोर हतियारको भरमा लडिरहेको प्रहरी बलसम्बन्धी जानकारी जनतासम्म पुऱ्याउन सो समाचारले प्रयास गरेको छ।

- सोही वर्ष २५ चैतमा दैलेखको नौमुलेमा भएको माओवादी आक्रमणमा प्रहरी चौकीका २८ प्रहरीको मृत्यु, ३ वेपत्ता र १२ घाइते भएको समाचार धेरै दिनसम्म चर्चामा रह्यो। चैत २६का सबै अखबारले यसलाई प्रमुख समाचार बनाए। ती सबै अखबारको समाचार घटनास्थलको स्थलगत भ्रमणमा आधारित थियो। तर सरकारी स्वामित्वमा सञ्चालित *गोरखापत्र*ले काठमाडौँमै बसेर घटनाको समाचार बनायो र त्यो पनि गृह मन्त्रालयको सूचनामा मात्रै आधारित भएर। यसले एकातिर घटनाप्रति अखबारको सम्वेदनशीलताको अभावलाई दर्शाउँछ भने अर्कोतिर जनतालाई सही सूचना सम्प्रेषण गर्ने दायित्वबाट पनि राज्य उम्किएको भन्न सकिन्छ।
- *कान्तिपुर*को २५ वैशाख २०५८ को एउटा समाचारको शीर्षक यस्तो छ– 'माओवादी र सरकारसहितको सर्वपक्षीय सम्मेलनको तयारी'। प्रजातान्त्रिक अधिकार जोगाउ आन्दोलनको पहलमा हुने भनिएको सो सम्मेलन कारणवश हुन सकेन। तर *कान्तिपुर*ले सम्मेलन हुन नसक्नुका कारणबारे पछिल्ला अंकहरूमा उल्लेख गरेन। अर्थात् फेरि पनि यसले फलोअपको अभावलाई दर्शायो। त्यसैगरी, *हिमालय टाइम्स*ले ३० वैशाख २०५८को अंकमा 'सरकार र माओवादीबीच यसै साता वार्ता हुने' शीर्षकमा समाचार प्रकाशित गऱ्यो। उक्त समाचार वार्तामा मध्यस्थकर्ता हुन चाहेका मानव अधिकारवादीहरूमाथि भर परेर लेखिएको थियो, तर वार्ता हुन सकेन। समाचार स्रोतलाई 'क्रसचेक' नगरी एकतर्फी भनाइ मात्र सुनेर समाचार लेखेको परिणति हो यो।
- माओवादीको भातृ संगठन अखिल क्रान्तिकारीले राजधानीका दुई निजी विद्यालयमाथि गरेको आक्रमण २६ वैशाख २०५८ का अखबारहरूका लागि खुराक बनेको थियो। लामाटारस्थित एलाईट्स को-एड र वाफलस्थित



रुपिज इन्टरनेशनल स्कूलमाथि भएको आक्रमणको समाचारसँगै *स्पेसटाइम*ले प्रकाशित गरेको फोटोले पत्रकारिताको सामान्य धर्मलाई पालन नगरेको देखियो। एलाईट्स को-एड स्कूलकी प्रोप्रायटर नीना मुरादालाई माओवादी विद्यार्थीले कालो मोसो दलेको फोटो र उनको टाटा सुमो जीप जलिरहेको फोटोलाई कम्प्युटरका माध्यमबाट एउटै फोटो बनाई *स्पेसटाइम*ले प्रकाशित गरेको थियो। दुई फरक तस्वीरलाई जोडेर एउटै तस्वीर बनाई अतिरञ्जनापूर्ण तवरले छाप्नु फोटो पत्रकारिताको मर्म र धर्म विपरीत मानिन्छ। पत्रिकाले तस्वीरको विषयवस्तुलाई बङ्ग्याउन खोजेको त देखिन्छ नै, निष्पक्षता र विश्वसनीयतालाई नै उपेक्षा गरेको महसुस हुन्छ।

- माओवादी आन्दोलनको रिपोर्टिङ सम्बन्धमा दैनिक अखबारमा देखिएको एउटा ठूलो रोग प्रायोजित समाचारको हो। माओवादी समस्यासँग सम्बन्धित समाचारहरू प्रकाशित गर्ने क्रममा दैनिक अखबारहरू माओवादीका प्रेस विज्ञप्ति, प्रायोजित स्थलगत भ्रमण र प्रचार शैलीबाट उम्कन सकेका छैनन्। उदाहरणका लागि माओवादी विद्रोह सुरु भएको जिल्ला रोल्पामा उनीहरूले जिल्ला जनसरकार घोषणा गर्ने बेलामा राजधानीबाट एक हुल पत्रकार लिएर गए। त्यहाँ जनसरकार घोषणा भएको भोलिपल्ट अर्थात् ७ जेठ २०५८ मा अखबारका पानाहरू यस्ता समाचार शीर्षकले भरिएका थिए– 'माओवादी शाही सेना परिचालनको प्रतिक्षामा'-*हिमालय टाइम्स*; 'रोल्पामा माओवादी जनसरकारको घोषणा'-*कान्तिपुर*; 'माओवादीद्वारा रोल्पामा जनसरकार गठनको घोषणा'-*स्पेसटाइम*। यसबाहेक त्यसपछिका केही दिनसम्म माओवादी प्रभावित उक्त जिल्लाको डेटलाइनमा माओवादीको प्रशंसायुक्त समाचारहरू आइरहे। जस्तैः 'श्रम सजायदेखि मृत्युदण्ड दिनेसम्म माओवादी कानुन' (हिमालय टाइम्स ८ जेठ २०५८), 'माओवादीको निजी कानुनमा मृत्युदण्ड' (कान्तिपुर ८ जेठ २०५८)।

माओवादीको प्रायोजनमा पत्रकारहरूले उनीहरूको प्रभाव क्षेत्रको भ्रमण गरेपछि लेखिएका र महत्वसाथ छापिएका केही समाचार शीर्षकहरू हेरौं: 'जीवनका इच्छा थाँती राखेर महिलाहरू जनसेनामा' (कान्तिपुर २० फागुन २०५७), 'माओवादीका लागि अत्याधुनिक हतियार आविष्कार गरिदिने सिंङ्जी' (स्पेसटाइम २३ चैत २०५७), 'प्रहरी चौकी नजिकै चौध घण्टा लामो माओवादी जनसभा' (नेपाल समाचारपत्र ११ वैशाख २०५८)। 'स्थलगत भ्रमण' पश्चात प्रवाहित यी समाचार हेर्दा माओवादी पक्षको प्रचार सामग्री जस्ता लाग्छन्। यही शैलीका कारण बेलाबखत माओवादी आन्दोलनलाई बढावा दिएको आरोपसमेत प्रेसलाई लाग्ने गरेको छ। माओवादी-सरकार वार्ता टोलीमा माओवादीतर्फका वार्ता संयोजक कृष्णबहादुर महराले दोस्रो चरणको वार्तापछि राजधानीमा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए: 'हाम्रो आन्दोलन यहाँसम्म आइपुग्नुमा एउटा उत्प्रेरक शक्ति पत्रकारलाई मान्दछौं।' माओवादीको क्रियाकलाप र गतिविधिप्रति निष्पक्ष ढंगबाट सही/गलत विश्लेषण गर्ने सामाग्रीहरू प्रस्तुत भइरहेका छैनन् भन्ने तर्कलाई पुट दिन्छ महराको सो भनाइले। राज्यतर्फबाट प्राप्त सूचना माओवादीबाट

पुष्टि नगराउने र माओवादीबाट प्राप्त सूचना राज्यबाट पुष्टि नगराएर प्रकाशित गर्ने प्रचलनले पत्रकारितालाई निष्पक्ष बन्न दिएको छैन ।

- १९ जेठ २०५८ को साँझ राजदरबारमा ठूलो घटना घट्यो । तत्कालीन राजा वीरेन्द्र र उनका सकल परिवारजनसहित अन्य नातेदारहरूको पनि हत्या भएको थियो त्यो रात । दरबारकाण्डका बारेमा धेरैले धेरैथरी अभिमत प्रकट गरे । कसैले दुर्घटना देखे त्यसलाई, कसैले षडयन्त्र माने । यही क्रममा २४ जेठको *कान्तिपुर*मा नेकपा माओवादीका नेता बाबुराम भट्टराईको एउटा लेख छापियो 'नयाँ 'कोतपर्व'लाई मान्यता दिनुहुँदैन' शीर्षकमा (कान्तिपुर २४ जेठ २०५८) । दरबारकाण्डलाई नयाँ 'कोतपर्व'को संज्ञा दिँदै सो हत्याकाण्ड वर्तमान राजालगायत देशी, विदेशी षडयन्त्रमा रचाइएको भनेका थिए भट्टराईले उक्त लेखमा । सेनालाई पनि विद्रोहका लागि उक्साउँदै राजा वीरेन्द्र माओवादीतर्फ उदार भएका कारण नै उनको षडयन्त्रपूर्वक हत्या गरिएको सो लेखमा उल्लेख छ । साथै उक्त लेखमा भट्टराईले के पनि खुलासा गरेका छन् भने माओवादीको राजा वीरेन्द्रसंग 'अघोषित कार्यगत एकता' थियो र 'माध्यम' मार्फत वार्ता भैरहेको थियो । यो लेख छापेपछि *कान्तिपुर*का सम्पादक, व्यवस्थापकहरूलाई गिरफ्तार गरियो । र, बहस चल्यो उक्त लेख, त्यो पनि संवेदनशील अवस्थामा, छाप्नु हुन्थ्यो कि हुँदैनथ्यो भन्ने विषयमा ।

तर राम्ररी बहस नचलेको र पत्रिकाले नकोट्याएको त्यो लेखको अर्को पाटो हो माओवादी र दरबार वा राजाबीच रहेको भनिएको 'अघोषित कार्यगत एकता' । विशेषगरी काँग्रेसीहरूले माओवादी आन्दोलनको 'साँचो' दरबारसंग रहेको बताउँदै आएका हुन् । यद्यपि, काँग्रेसीहरूको यो आरोपलाई हलुकारूपमा लिइदै आएको छ, गणतन्त्रवादी माओवादी र दरबारबीच कसरी सम्बन्ध हुनसक्छ भनेर । भट्टराईले भनेझैं कार्यगत एकता थियो वा थिएन त्यो खोजकै विषय हो तर दरबारका विश्वासपात्र मानिने राष्ट्रियसभाका मनोनित सांसद रमेशनाथ पाण्डेसँग माओवादीको 'भेटवार्ता' भएको समाचार *कान्तिपुर*मा पाण्डेको 'कोट' सहित छापिएको थियो । अथवा भनौं, पाण्डे आफैंले खुलासा गरेका थिए । अर्थात् माओवादी र दरबारबीच सम्पर्क कायम थियो, प्रष्ट छ; सम्बन्ध र त्यसको प्रकार अनुसन्धान गरिनुपर्छ । नेपाली प्रेसले दरबार र माओवादीबीच रहेको भनिएको यो सम्बन्ध, त्यसको वास्तविकता, आदिका बारेमा टिप्पणी, विश्लेषण गरेन, गर्न चाहेन । यो पाटो अहिलेसम्म पनि अधुरै छ ।

- कुनै पनि समाचारको गहिराइमा नजानुलाई नेपाली पत्रकारिताको दुर्भाग्य मान्नुपर्छ । कारण, आशय र अर्थ खोज्ने प्रयत्न नगर्नाले कतिपय अवस्थामा अखबारले सतही भूमिका मात्र निर्वाह गरिरहेको जस्तो पनि लाग्दछ । यही क्रममा २०५८ जेठ ३० का अखबारमा माओवादी अध्यक्ष प्रचण्डको एउटा वक्तव्य आयो, जसमा भनिएको थियो– 'संकटको यस घडीमा हामी खुला रूपले देशको सेवामा समर्पित हुन बेचैन भएका छौं ।' राजदरबार हत्याकाण्डपश्चात् सृजित परिस्थितिमा आएको त्यो वक्तव्यलाई प्रेसले जति महत्व दियो त्यति नै त्यसलाई केलाउने प्रयत्न गरेन । माओवादी खुलारूपमा आउन किन बेचैन भइरहेका छन् ? भन्ने प्रश्नमा न कुनै अखबारका सम्पादकको ध्यान पुग्यो न त्यो विषयमा निरन्तर कलम चलाउने सम्वाददाताहरूले नै खोज्न चाहे । समग्रमा दैनिक अखबारले विश्लेषणात्मकभन्दा पनि विवरणात्मक सामग्रीलाई बढी महत्व दिने गरेको यो अर्को उदाहरण हो ।
- दुनै काण्डपछि लगातार माओवादीद्वारा एकपछि अर्को सशस्त्र आक्रमण हुँदै गएपछि सेना परिचालनको निष्कर्षमा पुगेको सरकार आफ्नो निष्कर्ष कार्यान्वयन गर्न सक्दैन । विपक्षी दलहरू माओवादीको विरोध गर्छन् तर सेना परिचालनको पक्षमा देखिँदैनन् । संविधानत: सरकारप्रमुखलाई विपक्षीदलको पनि समर्थन चाहिँदैन सेना परिचालनका लागि । राष्ट्रमा कुनै अप्रिय स्थिति आएका खण्डमा सरकारप्रमुखको सिफारिशमा राष्ट्रप्रमुखले मन्जुरी दिने र सेना परिचालित हुनु पर्ने हो । तर जननिर्वाचित र पूर्ण बहुमत प्राप्त सरकार सेना परिचालन गर्न सक्दैन । सरकारप्रमुखले संविधानत: प्राप्त अधिकार प्रयोग गर्न नसक्नुका पछाडि के के कारण सन्निहित छन्; उधिनेर बाहिर ल्याउन सकेन नेपाली प्रेसले । नेपाली प्रेस मात्र 'सेना परिचालनको पक्षमा को छ र विपक्षमा को छ' भन्ने प्रश्नमा अल्झिइरह्यो । सेना परिचालनको विवाद यतिसम्म बढ्यो कि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सोही कारण राजीनामा समेत दिन बाध्य हुनु पऱ्यो । सेना परिचालन गर्ने सरकारको निर्णय कार्यान्वयन गराउन कोइरालाले निकै कसरत गर्नु भयो । सेना परिचालन गर्न नीतिगत निर्णय लिने राष्ट्रिय सुरक्षा परिषदमा आफ्नो बहुमत पुऱ्याउन उहाँले पहिलोपटक छुट्टै रक्षामन्त्री समेत नियुक्त गर्नुभयो र पनि उहाँको प्रयत्नले साकार रूप लिन भने सकेन ।

२८ असार २०५८ मा माओवादीले रोल्पाको होलेरी प्रहरी चौकीबाट ७१ प्रहरीलाई अपहरण गरेर लगे । माओवादी आन्दोलन शुरु भएयताको यो सबैभन्दा धेरै प्रहरीहरू सम्मिलित घटना थियो । ठूलो संख्यामा अपहरित ती प्रहरीको उद्धारका लागि सरकारले सेना परिचालन गर्ने निर्णय गऱ्यो । सेनासहित सुरक्षाका सबै अंगहरू परिचालित गरिएको बताउँदै जनतालाई आश्वस्त पार्ने कार्य भएको थियो सरकारी मिडियाहरूबाट । निजीक्षेत्रका छापामा पनि सेना मोर्चामा गएको र माओवादी घेरिएको समाचार आई नै रहेको थियो । त्यस समयका छापाका केही शीर्षक थिए: 'रोल्पामा सेनाद्वारा घेराबन्दी, माओवादीद्वारा सेनाको हेलिकप्टरमा प्रहार, तीन सैनिक घाईते' (कान्तिपुर ३० असार २०५८), 'रोल्पाको नुवागाउँमा सेनाको घेराबन्दी जारी' (नेपाल समाचारपत्र ३१ असार २०५८), 'शाही सेनाको सर्च अप्रेशन आजदेखि' (राजधानी २९ असार २०५८), 'चार जिल्लालाई घेर्न थप सैनिक परिचालन' (कान्तिपुर २ साउन २०५८), आदि ।

प्रेसले उल्लेख गरेअनुसार, सेना निकै आक्रामक तर संयमताका साथ अघि बढिरहेको थियो । माओवादी आक्रमणको शिकार भएका भनिएका सैनिकलाई छाउनीस्थित सैनिक अस्पतालमा उपचारका लागि हेलिकप्टरबाट ओरालिँदै गरेको तस्वीर *कान्तिपुर*ले छापेको थियो । करिब एक सातासम्म

सरकारले सेनाले माओवादीलाई चारैतिरबाट घेरिरहेको, माओवादीले मानवढाल उपयोग गरेको, सेना गौंडा ढुकेर बसेको जस्ता समाचार आई नै रहेका थिए। रक्षा एवं गृह प्रवक्तालाई 'कोट' गर्दै समाचारहरू छापिएका थिए। सरकारले पनि सेना परिचालन भैसकेको बताएको थियो। सेना जान त गयो तर एकाएक पछि किन हट्यो ? जवाफ कसैले दिएको छैन। पाठकको जिज्ञासा अझै मेटिएको छैन। सेनाले घेराबन्दी गरेको समाचार दिने अखबारहरूले सेना पछि हटेको समाचार नै दिएनन्; 'तैं चुप मै चुप' गरेर बसे। कुनै अखबारमा पनि सेना पछि हटेको समाचार नआई केही समयपछि एक्कैपटक प्रधानमन्त्री कोइरालाको राजीनामाको समाचार आयो।

बाहिरबाट हेर्दा कोइरालाले माओवादीविरुद्ध सेना प्रयोग गर्न खोजेको तर सेनाले जननिर्वाचित प्रधानमन्त्रीलाई नटेरेको देखिन्छ। फलत: आफ्नो निर्णय कार्यान्वयन नभएको ठानेर कोइरालाले प्रधानमन्त्री पद त्याग गर्नुभयो। कोइरालाको राजीनामाका सम्बन्धमा उहाँ आफैंले अभिव्यक्त गरेका केही सांकेतिक भनाइलाई आधार बनाएर उहाँको राजीनामाको कारणबारे अड्कल हुँदै आएको छ। तत्कालीन गृहमन्त्री गोविन्दराज जोशी र कोइराला दुवैले सांकेतिक हिसाबले सेनाको भूमिकाबारे प्रश्न उठाए पनि खुलेर, स्पष्ट केही बताएनन्। सांकेतिक सही, महत्वपूर्ण सवाल उब्जेपछि पनि नेपाली प्रेसले यो इश्युलाई तन्क्याउन चाहेन, गुह्य खोतल्न चाहेन र चुपचाप बस्यो। परिणामस्वरूप नेपाली जनताले कोइरालाको राजीनामाबारे बुझ्न पाएनन्; प्रेसले कोइरालाको राजीनामाको रहस्य खोतल्नै सकेन वा भनौं गहिराइसम्म पुग्नै चाहेन।

- माओवादीद्वारा राजधानीमा शक्तिशाली बम विस्फोट- *राजधानी* (२० असार २०५८); उपत्यकाभित्र एघार ठाउँमा बम, कतै पड्केन-*नेपाल समाचारपत्र* (२२ असार २०५८); राजधानीको व्यस्त चोकमा चारवटा बम- *कान्तिपुर* (१५ असार २०५८); राजधानीमा बम निष्क्रिय पार्ने प्रयास गर्दा एकजना प्रहरी गम्भीर घाइते- *हिमालय टाइम्स* (२५ असार २०५८); तुलबमपछि माओवादीको पुत्लाबम आतंक- *राजधानी* (२२ असार २०५८)।

माथिका समाचार शीर्षकहरूले नै बताउँछन्, समाचारहरू कति सन्त्रासपूर्ण छन् भनेर। २०५८ सालको असार महिनामा राजधानीबासीले यस्तै सन्त्रासमा दिन बिताउन बाध्य हुनु पर्‍यो। पाठकलाई सुसूचित गर्ने नाममा अखबारले सानो घटनालाई अतिरञ्जित पाराले प्रस्तुत गरेपछिको परिणाम हो यो। राजधानीका ठाउँठाउँमा माओवादीले सरकारलाई तर्साउन पटाका शैलीको तुलबम र त्यसपछि पुत्लाबम झुण्ड्याएको समाचारलाई अखबारले यति प्रमुखता दिए कि हरेक दिनको मुख पृष्ठमा त्यस्ता समाचार महत्वकासाथ छापिइरहे। सम्पादकीय पृष्ठमा नै भए पनि *नेपाल समाचारपत्र*ले तुल बम र पुत्लाबमका समाचार दिंदा अतिरञ्जना भएको स्वीकार गर्‍यो। सो अखबारका सम्पादक पुष्करलाल श्रेष्ठले २४ असार २०५८ को अंकमा 'देशको अर्थतन्त्र धराशयी पार्ने माओवादी कि नेपाली प्रेस ?' शीर्षकको आधापृष्ठ लामो लेख लेखेका छन्। लेखमा श्रेष्ठका पर्यटन व्यवसायी



मित्रलाई उद्धृत गरिएको छ: "तपाईंहरूका पत्रिकाहरू हुन् हाम्रो देशको पर्यटन उद्योगलाई धराशयी बनाउने। लाज लाग्दैन तपाईंहरूलाई ? प्रेस स्वतन्त्रता छ भन्दैमा माओवादीको तुलबमलाई पनि एटमबम जस्तो गरी लेखिदिने ? माया लाग्दैन तपाईंहरूलाई आफ्नो मुलुकको ?" तर, आफ्नो समाचार प्रकाशनका कारण जनताले व्यहोर्नु परेको 'आतंक'लाई लिएर अरु कुनै अखबारले पनि शब्द खर्चेनन्। यस अर्थमा *नेपाल समाचारपत्र*ले गरेको आत्मालोचना सह्राहनीय छ।

- नेपाली प्रेसले चर्चाको शिखरमा पुऱ्याएर फलोअप नगरेको अर्को महत्वपूर्ण विषय माओवादीको भातृ संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) र सरकारबीच भएको क्याबिन रेष्टुराँ बन्द गर्ने र मदिरा नियन्त्रण गर्ने सहमति हो। २०५८ भदौ २९ गते दुवै पक्षबीच भएको सहमतिअनुसार, सरकार एक साताभित्र क्याबिन रेष्टुराँ बन्द गर्न सहमत भएको थियो। क्रान्तिकारीका महिलाहरूले देशभर मदिरा निषेध गर्नु पर्ने माग राखेका थिए। तर त्यो मागप्रति असहमति जनाउँदै आएको सरकारले केही दिनपछि नै मदिरा निषेधका बदलामा नियन्त्रणको नीति घोषणा गरेको थियो। तर सरकारको न मदिरा नियन्त्रण गर्ने घोषणा कार्यरूपमा आउन सक्यो न दुई पक्षबीच भएको क्याबिन रेष्टुराँ बन्द गर्ने सहमतिले मूर्त रूप लियो। समग्रमा, राजधानीका क्याबिन रेष्टुराँहरू बन्द भएनन् र सरकारले मदिरा नियन्त्रण पनि गरेन। दुई पक्षबीच भएको सहमति र सरकारी घोषणालाई प्राथमिकताका साथ प्रकाशित गर्ने अखबारहरूले सहमति र घोषणा कार्यान्वयन भए/नभएकोमा कुनै चासो राखेनन्। यहाँनेर सामाजिक विकृतिलाई नियन्त्रण गर्ने सन्दर्भमा प्रेस सम्वेदनशील देखिएन भन्नुपर्छ।

## निष्कर्ष

माओवादी आन्दोलनसम्बन्धी एक वर्ष (२०५७ असोज-२०५८ भाद्र)भित्र मूलधारका छापाहरूमा प्रकाशित सामग्रीको यो अध्ययनले नेपाली प्रेस तुलनात्मक रूपमा विश्वसनीय हुँदै गइरहेको देखिए पनि नकारात्मक पक्ष उत्तिकै प्रबलरूपमा देखापर्दै आएको छ। खासगरी समाचारको निरन्तर फलोअप र विषयवस्तुको औपचारिकताबाहेक गहिराइसम्म पुग्न नसक्नु नेपाली प्रेसको सबैभन्दा कमजोर पक्ष हो। कुनै विषयलाई उठान गरिसकेपछि त्यसलाई फलोअप गरेर एउटा टुंगोमा पुऱ्याउन नसक्नु नेपाली प्रेसको विडम्बना हो।

यसका लागि माओवादी समर्थित अखिल नेपाल महिला संघ (क्रान्तिकारी) र सरकारबीच २९ भदौ २०५८ मा भएको क्याबिन रेष्टुराँ बन्द गर्ने र मदिरा नियन्त्रण गर्ने सहमतिलाई उदाहरणका रूपमा हेर्दा हुन्छ। सामाजिक विकृतिलाई नियन्त्रण गर्ने उद्देश्य राखेर गरिएको त्यो सहमति अन्तत: सरकारको उदासीनताका कारण कार्यान्वयन भएन। सरकारले बचनबद्धता जनाएको बूँदालाई आफैंले कार्यान्वयन गरेन। फलस्वरूप न मदिरा नियन्त्रण भयो, न त क्याबिन रेष्टुराँ नै बन्द भयो। यहाँनेर राज्यले स्वयं आफ्नो वचन पालन नगरेको उदेकलाग्दो परिस्थिति मात्रै होइन राज्य संचालनमा देखिएको यति हदसम्मको फितलोपनलाई

सार्वजनिक नगरेको परिप्रेक्ष्यमा नेपाली प्रेस पनि केवल सतहमा कुदिरहेको टिप्पणी गर्नु अत्युक्ति हुँदैन।

मूल प्रवाहको पत्रकारिता गर्दै आएका र सर्वसाधारणमाझ पुगेका ठूला अखबारहरू, जो नेपाली प्रेसको अनुहार बनेका छन्, एकाधबाहेक अधिकांश समाचारको गहिराइसम्म पुग्नै सकेका छैनन्। जसको कारण समाचारको वास्तविक स्वरूप बाहिर आउन सकेको छैन। खासगरी अखबारले पस्कने समाचार सामग्रीले 'किन ?' को जवाफ पाठकलाई दिन सकिरहेका छैनन्। यो प्रसंग माओवादी विद्रोहसँग जोडिएका समाचार सामग्रीमा अझ बढी लागू हुन्छ। एक वर्षको अध्ययनले माओवादी विषयमा नेपाली प्रेस औपचारिक, एक पक्षीय रूपमा प्रायोजित र सतही समाचारमा मात्रै भर परेको देखाउँछ। बितेको एक वर्षमा यसले खोजी नगरेका र गहिराइसम्म नपुगेर बीचमै छाडिदिएका समाचार समग्रीहरू प्रशस्तै छन्। यसअघि उल्लेख गरिए जस्तै, गिरिजाप्रसाद कोइरालाको सरकारले चाहेर पनि सेना परिचालन गर्न नसक्नुको कारण, दिनेश शर्मा रिहाइ प्रकरणको वास्तविकता, प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायसहितको न्यायकर्मीको टोलीमाथि माओवादीद्वारा आक्रमण गरिनुको कारण, आदि केही त्यस्ता उदाहरण हुन्। माओवादी सन्दर्भमा नेपाली प्रेसको एक वर्षको प्रस्तुतिले समाचारको भित्री तहमा पुग्ने, विश्वसनीयता बढाउने, फलोअप गर्ने, समाचारलाई आधिकारिक बनाउने, आदिजस्ता विषयमा गंभीरतापूर्वक ध्यान पुऱ्याउनुपर्ने आवश्यकता देखाएको छ।

भलै प्रेसको दुर्बल पक्षको सूची जतिसुकै लामो बनोस्, माओवादी-सरकार वार्ता गराउनमा यसको भूमिका, विद्यालय बन्दका विरुद्ध यसले तयार गरेको जनमत र सूचना सम्प्रेषणमा अखबारबीच भइरहेको स्वस्थ प्रतिस्पर्धाले यसका दुर्बल पक्षलाई ड्याम्मै ढाकिदिएको छ। दुर्बल पक्ष भन्नासाथ प्रेसले गरेको त्रुटिलाई मात्रै पनि भन्न खोजिएको होईन, यो शब्दले प्रेसको विकसित हुन बाँकी रहेको स्वरूप र यसको विकासोन्मुख अवस्थालाई समेत बुझाउँदछ। अर्को शब्दमा, अभिव्यक्तिको स्वतन्त्रता पाएको एक दशक मात्रै भएको अवस्थामा प्रेसलाई राज्य र समाजका अरु अंगबाट पृथक राखेर बेग्लै चश्माले हेर्नु अथवा यसबाट आवश्यकताभन्दा बढी आश गर्नु पनि युक्तिसंगत हुँदैन। बितेको एक वर्षका घटनाक्रमलाई केलाएर हेर्दा नेपाली प्रेसको विकास तुलनात्मक रूपमा छिटो भएको छ र यसले सुदूर भविष्य उज्यालो रहेको संकेत गर्दछ।

खासगरी माओवादी विद्रोहीलाई वार्ताको टेबुलमा ल्याउन प्रेसले निर्वाह गरेको भूमिका ज्यादै सकारात्मक मान्नु पर्छ। वार्ताको कुरा निकै पहिलेदेखि चलिरहेको भए पनि २०५७ असोजमा माओवादीहरूले डोल्पाको सदरमुकाम दुनैमा भीषण आक्रमण गरेपछि वार्ताको माहौल बन्न शुरु भएको हो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, जो माओवादी विद्रोहलाई आतंककारी गतिविधि मात्रै ठान्नुहुन्थ्यो र वार्तालाई सोझै अस्वीकार गर्नुहुन्थ्यो, ले समेत प्रेसले सृजना गरेको जनमतका अगाडि घुँडा टेक्नुपर्ने अवस्था आयो। दुनै काण्डको लगत्तै नेपाली प्रेसले माओवादीलाई हेर्ने सरकारी धारणामा परिवर्तन हुनुपर्ने विचार प्रवाह गर्न थाल्यो। वार्तालाई अस्वीकार गर्दै माओवादीको छापामार आक्रमणका बिरुद्ध निरीह प्रहरी बललाई प्रयोग गरिरहेको तत्कालीन



सरकारका बिरुद्ध अखबारहरू यति आलोचनात्मक देखिए कि सरकारले माओवादीलाई राजनीतिक शक्तिका रूपमा लिँदै वार्ताको लागि तयार हुनुपऱ्यो। त्यसबेला अखबारका सम्पादकीय र समाचार समाग्रीहरू माओवादीद्वारा चलाइएको हिंसाभन्दा सरकारी नीतिका विरुद्धमा थिए; प्रधानमन्त्रीको राजीनामाको पक्षमा थिए।

आफ्नालागि प्रतिकूल अवस्था सृजना हुँदै गइरहेको देखेपछि सरकारले अन्ततः माओवादीसँग वार्ताको प्रयास अघि बढायो। यद्यपि सो वार्तालाई लिएर पछि माओवादी पक्ष इमान्दार भने देखिएन। फलस्वरूप दिनेश शर्मा रिहाइ प्रकरणसँगै वार्ता प्रसंगको पहिलो चरण समाप्त भएर गयो। तर पनि राजनीतिक, आर्थिक र सामाजिक कारणबाट सृजित माओवादी समस्यालाई वार्ता प्रकृयाबाट समाधान गर्न जनमत जुटाउने प्रयास भने प्रेसले जारी नै राख्यो। नेपाली प्रेसमा छापिएका समाचारका अनुसार, सरकार-माओवादीबीच वार्ता प्रकृया पुनः सुरु गराउनका लागि मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न कहिले बौद्ध भिक्षुहरू तयार हुन्थे भने कहिले पत्रकार महासंघ र कहिले मानव अधिकारवादी संघ/संगठनहरू। एकपटक बिग्रिएको वातावरणलाई फेरि वार्ता अनुकूल बनाउने र जनमतलाई समस्याको शान्तिपूर्ण समाधानतर्फ डोऱ्याउने प्रयासमा प्रेसले आफूलाई कायमै राख्यो। वार्ताको प्रयास चलिरहेकै बेला प्रधानमन्त्री कोइरालाले होलेरी काण्डको कारण राजीनामा दिनुभयो। माओवादीले सत्तारुढ दल नेपाली काँग्रेसभित्र कोइरालाभन्दा शेरबहादुर देउवालाई बढी उदार दृष्टिकोणले हेर्ने भएको हुँदा देउवा प्रधानमन्त्री बनेपछि युद्धबिराम र वार्ताको वातावरण बन्न बेर लागेन। र, त्यो वातावरण तयार पार्न प्रेसको भूमिका उल्लेख्य रह्यो।

प्रेसले सरकार मात्रै होइन माओवादी विद्रोहीमाथि पनि उत्तिकै दबाब कायम राख्न सफल भयो। नेपाली प्रेसले यसरी जनमत सृजना गरिदियो कि शुरुदेखि वार्ताको टेबुलमा बस्दा गणतन्त्र, संविधान सभा र अन्तरिम सरकारको माग गर्दै आएको माओवादी पक्षले जनमत गणतन्त्रको पक्षमा नरहेको देखेपछि वार्ताको तेस्रो चरणमा नै त्यो मागलाई आफ्नो सूचीबाट हटाउन बाध्य भएको थियो। यसबाहेक छ वर्षयता आफ्नालागि सर्वाधिक उपयुक्त वातावरण ठानेर लगभग खुलारूपमा नै विचरण गरिरहेको सो पार्टीको गतिविधिले नागरिक जीवनलाई त्रासपूर्ण बनाउन थालेपछि प्रेसले त्यसका विरुद्ध चलाएको कलम माओवादीका लागि ठूलो झट्का ठहरियो। आफ्ना भातृ संगठनहरूलाई अगाडि सारेर २०५८ असोज ५ गते राजधानीमा 'मानव सागर' उराल्ने सो पार्टीको लक्ष पूरा भएन।

भूमिगत नेकपा माओवादीको भातृसंगठन अखिल क्रान्तिकारीले विद्यालय बन्द गराउन चालेको कदमबाट अन्ततः पछि हट्नै पर्ने अवस्था आयो। विभिन्न मागहरू राखी उसले प्रारम्भ गरेको उक्त गतिविधिबाट लाखौं विद्यार्थीको भविष्य र शैक्षिक संस्थाहरूमा अनिश्चितता, असुरक्षा, भय र आतंकको वातावरण सृजना भएको थियो। बालबालिकाको भविष्यमाथि माओवादीले गरेको खेलवाडका विरुद्ध नेपाली प्रेस खुलेरै विरोधमा उत्रियो, जसको कारण आम जनमत माओवादी क्रियाकलापको विरुद्ध देखियो। यद्यपि अखिल क्रान्तिकारीले उठाएका केही मागहरू जायज पनि थिए तर पछि उनीहरूले जनमत आफ्नो खिलाफमा भएको बुझेर पुनः त्यस्तो कार्यक्रम थाल्ने आँट गर्न सकेनन्।

प्रस्तुत अध्ययनको आधार ठूला आकारका नेपाली दैनिक अखबारहरू मात्र भएकाले नेपाली प्रेसको यो पक्षको समग्र विश्लेषण गर्दा यसका सकारात्मक र नकारात्मक पक्षलाई केलाउनु आवश्यक छ र यी दुवै पक्षका कारणका सम्बन्धमा पनि केही भन्नु पर्ने हुन्छ। सबल पक्ष भनेर माथि चर्चा गरिए झैं नेपाली प्रेसको जनमत सृजना गर्न सक्ने पक्ष बलियो देखिन्छ। पत्रकारहरूमा निरन्तर रूपमा बढ्दै गएको पेशागत भावना र आचरणमा देखिएको शुद्धता त्यसको प्रमुख कारण हो। त्यसैले साना आकारका साप्ताहिक र दैनिक अखबारको तुलनामा पाठकले ठूला आकारका दैनिक अखबारलाई बढी महत्व दिने गरेका छन्। ठूला आकारका अखबारमा प्रकाशित सामग्रीप्रति बढी विश्वास गर्ने हुँदा ती अखबारहरू जनमत तयार गर्न सक्षम भएका छन्। विद्यालय बन्द, जबर्जस्ती चन्दा असुली र राजधानीमा देशभरबाट कार्यकर्ता जम्मा गर्ने माओवादी तयारीका विरुद्ध बनेको जनमत केही उदाहरण हुन्। ठूला अखबारले शुरुमा यी विषयसँग सम्बन्धित समाचारमात्र विस्तृत रूपमा प्रवाहित गरे, जसमा माओवादी गतिविधिबाट जनतालाई परेको मर्का प्रत्यक्ष उल्लेख थियो। पछि गएर प्रेसले सही गलत खुट्ट्याउँदै ती गतिविधिका विरुद्ध आफ्ना धारणा दिन थाल्यो। अखबारका सम्पादकीय पृष्ठहरूमा त्यस्तै विचारले प्राथमिकता पाउँदै गए। जस्तो कि विद्यालय बन्दको शुरुआती चरणमा प्रेसले त्यो बन्दले पार्ने असरका बारेमा पाठकलाई विस्तृत जानकारी दियो र पछि त्यो विषयमा विशेष सम्पादकीय लगायतका बन्दविरोधी सामग्रीले प्राथमिकता पाउँदै गए। निरन्तरको समाचार र विचारको प्रवाहको कारण पाठकहरू विद्यालय बन्दका विरुद्ध जागरुक देखिए, किनकि उक्त बन्दबाट उनीहरू स्वयंको परिवार पनि प्रभावित भएको थियो।

नेपाली प्रेसमा देखिएको खोजीको कमी, फलोअपको अभाव जस्ता दुर्गुणको कारण चाहिं अरुभन्दा पनि यथास्थितिबाट उम्किन नसक्ने मानसिकता हो। धेरै लगानीमा खुलेका साधन र स्रोत सम्पन्न अखबारहरूले चाहना राख्ने हो भने यो समस्याबाट मुक्ति पाउन समय लाग्ने छैन। तर, नेपाली प्रेसको औपचारिक सामग्रीहरूमाथिको परम्परागत निर्भरता नहटेसम्म त्यो अवस्था आउन सक्ने देखिँदैन। यसका लागि साधनस्रोतले धनी ठूला अखबारले नै पहल गर्नुपर्छ। फलोअपको अभाव र खोजीको कमीका लागि पत्रकारहरू नै बढी जिम्मेवार छन्। निजी लगानीमा खुलेका ठूला अखबारका पत्रकारहरू औपचारिक सभा समारोह र सामग्रीलाई बढी मान्यता दिने गर्छन्। अनौपचारिक सामग्रीप्रति उनीहरूको रुचि कम देखिएको छ। नेपाली प्रेसको यो दुर्गुण हटाउन पत्रकारहरू आफैंले जाँगर, उत्साह र विषयवस्तुको भित्री सतहमा पुग्ने क्षमताको विकास गर्नुपर्ने टड्कारो देखिएको छ।

## सन्दर्भ सूची

*कान्तिपुर* – २०५७ असोज १ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक
*नेपाल समाचारपत्र* – २०५७ असोज १ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक
*हिमालय टाइम्स* – २०५७ असोज १ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक



*गोरखापत्र* – २०५७ असोज १ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक
*स्पेसटाइम* – २०५७ कात्तिक १७ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक (२०५७ कात्तिक १७ देखि प्रकाशन आरम्भ)
*राजधानी* – २०५८ जेठ २२ गतेदेखि २०५८ भदौ ३१ गतेसम्मको अंक (२०५८ जेठ २२ देखि प्रकाशन आरम्भ)

■